# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, वैशाख ८ गते, २०७७ साल (अतिरिक्ताङ्क ३

## भाग २

नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको अध्यादेश नं. २

**राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना:** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस अध्यादेशको नाम "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३३ मा संशोधनः</u> राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (यस पछि "मूल ऐन" भनिएको) को दफा ३३ को उपदफा (२) मा रहेका "केन्द्रीय समिति र सङ्घीय संसदका संसदीय दलका कम्तीमा चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाका बखतको केन्द्रीय समितिको कम्तीमा चालीस प्रतिशत सदस्य वा त्यस्तो दलको सङ्घीय संसदको संसदीय दलको कम्तीमा चालीस प्रतिशत सदस्यले एकैपटक" भन्ने शब्दहरु राखिएका छन् ।

३. <u>मूल ऐनको दफा ४८ मा संशोधनः</u> मूल ऐनको दफा ४८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दर्ता गरिसकेका दलले" भन्ने शब्दहरु पछि "वा दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको नयाँ दलले" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल ऐनको दफा ५२ मा संशोधनः</u> मूल ऐनको दफा ५२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलका सदस्यहरुले दफा ३३ को उपदफा (२) बमोजिम नयाँ दल गठन

गरेमा त्यस्तो दलले समानुपातिक तर्फको त्यस्तो प्रतिशत पूरा गर्न आवश्यक हुने छैन ।"

५. **<u>मूल ऐनको दफा ५३ मा संशोधनः</u>** मूल ऐनको दफा ५३ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दफा ३३ को उपदफा (२) बमोजिम गठन भएको दलका केन्द्रीय समितिका पदाधिकारी र सदस्यले त्यस्तो दल दर्ता भएको साठी दिनभित्र त्यस्तो विवरण पेश गर्नु पर्नेछ ।"

प्रमाणीकरण मितिः २०७७।१।८

आज्ञाले,
राजीव गौतम
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग